# स्वास्थ्य कर कोष सञ्चालन निर्देशिका, २०७२

*माननिय मन्त्रिस्तरवाट स्वीकृत मिति २०७२/११/९*

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

**प्रस्तावना:** सूर्तिजन्य पदार्थको सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानीकारक भएको र यसले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पर्ने भएकोले सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको आयात, उत्पादन, विक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनिकरण, नियन्त्रण तथा नियमन गर्ने उद्धेश्यका साथ सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ तथा सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली र निर्देशिका लागु भई ऐनमा धुम्रपान तथा सूर्तिजन्य पदार्थको नियन्त्रण तथा यसको उपभोगबाट उत्पन्न हुने रोगको रोकथाम निदान र उपचारको लागि स्वास्थ्य कर कोषको स्थापना हुने व्यवस्था सो कोषमा जम्मा हुने रकमको बाडॅफांड र परिचालनलाई प्रभावकारी र व्यवस्थित वनाउन वाञ्छनिय भएकाले,

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली २०६८, को नियम २३ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "स्वास्थ्य कर कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा :

(क) "अनुदान" भन्नाले स्वास्थ्य कर कोषमा जम्मा भएको रकमलाई नियमावलीको नियम १९ बमोजिम बाँडफाँड गरी उपलब्ध गराईने रकम संझनुपर्छ ।

(ख) "ऐन" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले ऐनको दफा २२ बमोजिम स्थापना भएको स्वास्थ्य कर कोष सम्झनुपर्छ ।

(घ) "गैर सरकारी अस्पताल" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएका सामुदायिक, नीजि तथा गैर सरकारी अस्पताल सम्झनुपर्छ ।

(ङ) "नियमावली" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ सम्झनुपर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य मन्त्रालय संझनुपर्छ ।

(छ) "मूल्याङ्कन उपसमिति" भन्नाले यस निर्देशिकाको दफा ७ को उपदफा (१) बमोजिम गठन भएको मूल्याङ्कन उपसमिति सम्झनुपर्छ ।

(ज) "सदस्य सचिव" भन्नाले सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन समितिको सदस्य सचिव संझनुपर्छ ।

(झ) "समिति" भन्नाले ऐनको दफा १९ बमोजिम गठन भएको सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) समिति सम्झनुपर्छ ।

(ञ) "सरकारी स्वामित्वका अस्पताल" भन्नाले मन्त्रालय मातहतका विभिन्न अस्पताल तथा छुटै कानूनद्वारा गठित अस्पताल, केन्द्र र प्रतिष्ठान समेत सम्झनुपर्छ ।

(ट) "सामाजिक संस्था" भन्नाले नाफा आर्जन गर्ने उद्देश्य नलिई सेवाको भावनावाट प्रेरित भई कार्यक्रम सञ्चालन गर्न चाहने प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका गैरसरकारी संस्था संझनुपर्छ ।

३. **निर्देशिकाको उद्धेश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) स्वास्थ्य कर कोषमा जम्मा भएको रकम बस्तुनिष्ठ आधारमा पारदर्शी तवरले बांडफांड गर्ने,

(ख) धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको निदान, उपचार तथा अनुसन्धान गर्ने कार्यलाई प्रभावकारी बनाउने,

(ग) धुम्रपान तथा सूर्तिजन्य पदार्थको रोकथाम र नियन्त्रणको लागि स्वास्थ्य शिक्षा, जनचेतनामूलक र सेवामूलक कार्यक्रमलाई बिस्तार गर्ने,

(घ) धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम, निदान र उपचारका लागि सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालहरुलाई प्रोत्साहित र परिचालन गर्ने ।

४. **सरकारी स्वामित्वको अस्पताल र मन्त्रालय अन्तर्गतका महाशाखा वा केन्द्रका लागि कोषको रकम माग र बाँडफाँड गर्ने कार्यविधि:** (१)नियमावलीको नियम १९ को उपदफा (२) को खण्ड (क) र(ख),

बमोजिमको रकम प्राप्त गर्नका लागि वजेट माग गर्ने सरकारी स्वामित्वको अस्पताल र मन्त्रालय अन्तर्गतका महाशाखा वा केन्द्रले अनुसुची १ बमोजिमको राष्ट्रिय योजना आयोगले तोकेको बार्षिक कार्यक्रम फाराम भरी कोषको कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भंएको कार्यक्रम कोषले समितिको बैठकमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएको कार्यक्रम विस्तृत अध्ययन एवं छलफल गरी कार्यक्रमहरु समिति समक्ष सिफारिस गर्नका लागि समितिले मुल्याङ्कन उपसमितिमा पठाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिम समितिमा पेश भएको बार्षिक कार्यक्रमलाई सदस्य सचिवले स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ।

५. **समाजिक संस्था वा गैह्सरकारी अस्पताललले प्रस्ताव र वार्षिक कार्यक्रम पेश गर्नु पर्ने:** (१) नियमावलीको नियम १९ को उपदफा (२) को खण्ड (ग) बमोजिम कोषवाट अनुदान प्राप्त गर्नको लागि ईच्छुक सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललले बिस्तृत प्रस्ताव तयार गरी समितिले तोकि दिएको अवधि भित्र अनुसूची-१ बमोजिमको फाराम र अनुसुची २ वमोजिमको फाराम भरी समितिको समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिमको प्रस्ताव र वार्षिक कार्यकम फाराम समितिले तोकिदिएको अवधि भित्र भरी पेश नगर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई अनुदान उपलब्ध गराउने प्रकृयामा सामेल गरिने छैन।

६. **सामाजिक संस्था वा गैह्सरकारी अस्पतालका लागि कोषको रकम माग र वाडंफांड गर्ने कार्यविधि :** (१) नियमावलीको नियम १९ को उपदफा (२) को खण्ड (ग) बमोजिम अनुदान माग गर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालबाट दफा ५ वमोजिमको कार्यक्रम सहितको प्रस्ताव समितिले माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानको लागि सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललले कार्यकम प्रस्ताव पेश गर्न १५ (पन्ध्र) दिनको अवधि दिई समितिमा प्रस्ताव पेश गर्ने राष्ट्रिय स्तरको दैनिक प्रत्रिकामा प्रशासित गरिनेछ।

(३) उपदफा (२) बमोजिम सुचनामा देहाय बमोजिमको व्यहोरा उल्लेख गर्नुपर्नेछ :-

(क) प्रस्ताव माग गर्ने निकायको नाम र ठेगाना,

(ख) प्रस्तावित कार्यको संक्षिप्त विवरण र कार्य सम्पन्न गर्ने अनुमानित समय

(ग) प्रस्तावदाताको योग्यता अनुभव, प्राविधिक र भौतिक क्षमता

(घ) प्रस्तावित कार्य सम्वन्धी प्रस्ताव माग गर्ने निकाय संग सम्पर्क गर्ने ठेगाना,

(ङ) प्रस्तावदाताको कानूनी हैसियत खुल्ने कागजातहरु,

(च) प्रस्तावित कार्य गर्ने स्थान र अबधि,

(छ) प्रस्तावित कार्यबाट लाभान्वित हुने क्षेत्र र वर्ग ।

(ज) प्रस्ताव खोल्ने समय मिति र स्थान

(झ) कोषको कार्यालयले आवश्यक ठानेका अन्य कुराहरु

(४) कोषले उपदफा (३) बमोजिम पर्न आएका प्रस्तावहरु प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्नेछ र प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको अवस्थामा समितिको पंदाधिकारीको रोहवरमा कोषको कार्यालयले प्रस्तावहरु खोल्न कुनै वाधा पर्ने छैन ।

(५) उपदफा (४) बमोजिम खोलिएका प्रस्ताव र कार्यक्रम सदस्य सचिवले समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश भएको कार्यक्रम विस्तृत अध्ययन एवं छलफल गरी मूल्याङ्कन गरि समिति समक्ष पेश गर्नका लागि समितिले मुल्याङ्कन उपसमितिमा पठाउन सक्नेछ ।

(७) मूल्याङ्कन उपसमितिले दफा ८ को आधारमा प्रस्तावदाताहरुको प्रस्ताव मुल्याङ्कन गरी कार्यक्रम सञ्चालन गर्न दिन सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई समिति समक्ष सिफारिस पेश गर्नुपर्नेछ ।

(८) उपदफा (७) वमोजिम सिफारिस भएको प्रस्ताव उपयुक्त देखिएमा समितिले त्यस्तो प्रस्ताव संशोधन भए सो संशोधन सहित अनुमोदन गर्नेछ ।

(९) उपदफा (८) वमोजिम अनुमोदित कार्यक्रम संचालनका लागि सामाजिक संस्था वा गैह्सरकारी अस्पताललाई अनुदान उपलब्ध गराउनका लागि कोषमा रहेको वजेट रकम समितिले बांडफांड गरि सदस्य सचिवलाई निर्देशन दिन सक्नेछ ।

(१०) उपदफा (८) वमोजिम सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालको समितिवाट अनुमोदित कार्यक्रमलाई उपदफा (९) वमोजिम वांडफांड भएको अनुदान रकम वमोजिम संचालन गर्नका लागि दफा ५ को उपदफा (१) को अनुसुची १ वमोजिम परिमार्जित वार्षिक कार्यक्रम फाराम भरि पेश गर्न सदस्य सचिवले बजेट रकम वाडफांड भएको मितिले सात दिन भित्र सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई लिखित सुचना दिनुपर्नेछ ।

(११) सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालहरुले उपदफा (१०) बमोजिमको पत्र प्राप्त भएको मितिले सात दिन भित्र परिमार्जित वार्षिक कार्यक्रम फाराम भरी समितिमा पेश गर्नेपर्नेछ ।

(१२) उपदफा (११) वमोजिमको वार्षिक कार्यक्रम फाराममा उल्लेखित कार्यक्रम सञ्चालन गर्ने गरि सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई समितिले उपदफा -९) वमोजिमको वाडफाड भएको अनुदान रकम कर कोष कार्यालयले उपलब्ध गराउनेछ ।

नेपाल सरकार
स्वास्थ्य-मन्त्रालय
रामशाहपथ, काठमाडौं

(१३) उपदफा (११) वमोजिम तोकिएको अवधिभित्र वार्षिक कार्यकम फाराम भरी पेश नगर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई समितिले अनुदान रकम उपलब्ध गराउने छैन ।

(१४) उपदफा (११) वमोजिम समितिमा प्राप्त भएका वार्षिक कार्यक्रमलाई सदस्य सचिवले स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(१५) यस दफा वमोजिम प्राप्त प्रस्तावहरु पर्याप्तं नभएमा वा कुनै क्षेत्र समेटिन नसकेकोमा समितिले पुन प्रस्ताव माग गर्न सक्नेछ र यसरी प्रस्ताव माग गर्दा पहिले प्राप्त भएका प्रस्ताव कायमै राखी वा यस दफा वमोजिम प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरि प्रस्ताव स्वीकृत गरेपछि कोषको वजेटको अधिनमा रहि पुनः प्रस्ताव माग गर्न सकिनेछ ।

७. **सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालको कार्यक्रम र प्रस्तावको मूल्याङ्कनः** (१)सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालको प्रस्ताव मूल्याङ्कन गरी अनुदान उपलब्ध गराउनका लागि पहिलो, दोश्रो र तेश्रो प्राथमिकता क्रम समेत निर्धारण गरी प्रतिवेदन पेश गर्नका लागि समितिले देहाय बमोजिम मूल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ :-

(क) समितिका उपाध्यक्ष — संयोजक

(ख) समितिका सदस्य सचिव — सदस्य

(ग) लेखा अधिकृत, स्वास्थ्य कर कोष — सदस्य

(२) मूल्याङ्कन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा (६) बमोजिम प्राप्त प्रस्तावहरु छानवीन गर्ने,

(ख) प्रस्तावहरु मूल्यांकन गर्ने र अंक प्रदान गर्ने,

(ग) प्रस्तावहरुको प्राथमिकता निर्धारण गर्ने,

(घ) प्राथमिकता अनुसार प्रस्ताव कार्यान्वयन गर्न प्रस्तावदातालाई प्रदान गर्ने रकम बारे सिफारिस गर्ने ।

(ङ) मुल्याङ्कन गरिएका प्रस्ताव, अनुदान रकम र प्रथामिकता निर्धारित प्रस्तावहरु अनुमोदनको लागि समितिको वैठकमा पशे गर्ने ।

(३) मुल्याङ्कन उपसमितिले आवश्यकता अनुसार सम्वन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न पनि सक्नेछ ।



नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

८. **कार्यक्रम र प्रस्ताव मूल्याङ्कन गर्ने आधार:** (१) सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालले दफा ६ बमोजिमको प्रस्तावका साथ नवीकृत ईजाजत पत्र, स्थायी लेखा प्रमाणपत्र, कर बिबरण बुझाएको वा चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु मूल्यांकनका लागि पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सवै प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न नगरेका प्रस्तावदाताहरुको प्रस्ताव मूल्यांकनमा समावेश गरिने छैन ।

(३) प्रस्तावमा तलव भत्ता पारिश्रमिक र प्रशासनिक खर्च जस्ता शिर्षकमा भुक्तानी लिने प्रयोजनार्थ कार्यक्रम प्रस्ताव गर्न पाइने छैन र त्यस्ता प्रस्तावको लागि मुल्याङ्कन उपसिमितिले कुनै अंक प्रदान गर्ने छैन ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव मूल्यांकन गरी मूल्यांकन उपसमितिले राय सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्रस्ताव मूल्यांकन गर्नका लागि मूल्यांकन फाराम अनुसूची २ मा तोकिए बमोजिम हुनेछ ।

९. **अनुदान रकम बाडँफाँडको प्राथमिकता निर्धारण:** (१) दफा ८ बमोजिम अनुदान रकम प्राप्त गर्न योग्य सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई मूल्यांकन उपसमितिले देहाए बमोजिम प्राथमिकता निर्धारण गरी प्रस्ताव कार्यान्वयन गर्न अनुदान रकम उपलब्ध गराउन समिति समक्ष सिफारिस गर्नेछ :

(क) ८५ प्रतिशत भन्दा बढी अङ्क प्राप्त गर्ने - पहिलो प्राथमिकता

(ख) ६० प्रतिशत भन्दा बढी ८५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने - दोश्रो प्राथमिकता

(ग) ५० देखि ६० प्रतिशत अङ्क प्राप्त गर्ने - तेश्रो प्राथमिकता

(२) दफा (८) वमोजिम प्रस्ताव मुल्याङ्कन गर्दा ५० प्रतिशत भन्दा कम अंक प्राप्त प्रस्तावलाई अनुदान रकम उपलब्ध गराईने छैन ।

(३) मुल्याङ्कन उपसमितिले प्रस्ताव मुल्याङ्कन गर्ने प्राथमिकता कमको ढांचा अनुसुची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **अनुदान रकम प्रदान गर्दा संझौता गर्नुपर्ने:** (१) कोषले दफा ८ र ९ बमोजिम अनुदान रकम प्राप्त गर्न योग्य सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई वार्षिक कार्यक्रम फाराममा उल्लेखित

कार्यक्रम सञ्चालन गर्नका लागि समिति र सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालले गर्ने सम्झौताका ढांचा अनुसुची ५ वमोजिम हुनेछ ।

(२) अनुदान रकम प्राप्त गर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई प्रगति विवरणको किस्तावन्दीको आधारमा उपलब्ध गराउन पनि सकिनेछ ।

११. <u>कार्य प्रगति विवरण पेश गर्नु पर्ने</u>: (१) अनुदान प्राप्त गर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालले कर्याक्रम सञ्चालन रं अनुदान रकमको खर्चको भौतिक तथा वित्तिय प्रगति विवरण समितिको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति विवरण पेश नगर्ने वा सन्तोषजनक प्रगति हासिल नगर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई किस्ताबन्दीमा दिन बांकी रकम रोक्का राख्न सकिनेछ ।

(३) सरकारी स्वामित्वको अस्पताल र मन्त्रालय अन्तर्गतका महाशाखा र केन्द्रले पनि कर्याक्रम सञ्चालन र अनुदान रकमको खर्चको भौतिक तथा वित्तिय प्रगति विवरण समितिको कार्यालयमा पेश गर्नु पर्नेछ ।

१२. <u>समितिले निरीक्षण र अनुगमन गर्न सक्ने</u> : (१) अनुदान प्राप्त गर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालले पेश गरेको वार्षिक कार्यक्रम र प्रस्ताव अनुसार कार्यक्रमहरु संचालन गरे नगरेको वा अनुदान रकमको सदुपयोग गरे नगरेको भन्ने सम्बन्धमा समितिले तोकेको पदाधिकारी वा अन्य कर्मचारीहरुले निरीक्षण र अनुगमन गर्न तथा सोको प्रतिवेदन समिति समक्ष पेश गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम भएको निरीक्षण र अनुगमनको प्रतिवेदनको आधारमा निर्देशन दिन वा प्रचलित कानून अनुसार कारवाही गर्न समितिले प्रकृया अगाडि बढाउन सक्नेछ ।

(३) उपदफा (१) वमोजिमको निरिक्षण र अनुगमन कार्य स्थलगत रुपमा कार्यक्रम सञ्चालन अवधिमै वा कार्यक्रम सञ्चालन भै सकेपछि गर्न सकिनेछ ।

(४) कार्यक्रम सञ्चालन अवधिमानै निरिक्षण र अनुगमन कार्य गर्नुपर्ने अवस्थामा सामाजिक संस्था वा गैह्सरकारी अस्पतालले कार्यक्रम संचालन गर्ने मिति निर्धारण गरी समितिमा जानकारी गराउनुपर्नेछ ।

(५) उपदफा (१) र (२) बमोजिम गरिएको निरीक्षण र अनुगमनको प्रतिवेदन समिति र राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रमा पेश गर्नु पर्नेछ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

(६) यस दफा बमोजिम अनुगमनको लागि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रले अनुदान प्राप्त गरेका सामाजिक संस्था वा गैह्रसरकारी अस्पताललाई आमन्त्रण गरी पुनरावलोकन बैठक आयोजन गर्न सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको प्रतिवेदन र उपदफा (६) बमोजिमको पुनरावलोकन बैठकको आधारमा राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्रले अध्ययन, विश्लेषण र निष्कर्ष सहितको सारंश प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नू पर्नेछ ।

(८) उपदफा (६) बमोजिम पेश भएको निरीक्षण र अनुगमनको प्रतिवेदनको आधारमा आवश्यक सुधार गर्न वा प्रचलित कानून अनुसार कारवाही गर्न समितिले निर्देशन दिन सक्नेछ ।

१३. **छानवीन उपसमिति गठन र अनुदान रकम कटौती गर्न सकिने :** (१) अनुदान प्राप्त गर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालले अनुदान रकमको सदुपयोग नगरेको भन्ने मनासिब कारण र दफा १२ बमोजिम निरीक्षण र अनुगमनको प्रतिवेदनको आधारमा समितिले तत्काल सो सम्बन्धमा छानवीन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानवीनका लागि समितिले देहाय बमोजिम छानवीन उपसमिति गठन गर्नेछ :

| | |
|---|---|
| (क) समितिका सदस्य सचिव | संयोजक |
| (ख) सरकारी स्वास्थ्य संस्थाबाट मनोनित समितिका सदस्य | सदस्य |
| (ग) लेखा अधिकृत , स्वास्थ्यकर कोष | सदस्य |

(३) उपदफा (२) बमोजिम छानवीन गर्नु पर्ने विषयको अध्ययन बिश्लेषण र प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिको प्रतिवेदनको आधारमा अनुदानको सदुपयोग भएको नपाइएमा समितिले अनुदान प्राप्त गरेको संस्थाका जिम्मेवार पदाधिकारीलाई प्रचलित कानून बमोजिमको कारवाही गर्नेछ । (५) उपदाफा (४) बमोजिम कारवाही गरिने सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालको निकासा गर्न बाँकी अनुदान रकम रोक्का वा कटौटी गर्नु पर्नेछ ।

१४. **सरकारी बाँकीसरह असुल उपर गरिने:** अनुदान सहयोग प्राप्त गर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालका जिम्मेवार पदाधिकारी, कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिले अनुदान रकम हिनामिना गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बांकी सरह असूल उपर गरिनेछ ।

१५. **मूल्याङ्कन गर्ने :** (१) कोषबाट परिचालन गरिएको रकमबाट संचालन भएका कार्यक्रहरुले नसर्ने रोगका जोखिम तत्वहरुको रोकथाम तथा नियन्त्रण तथा नसर्ने रोग र मृत्युको दर घटाउनमा पारेको प्रभावका सम्बन्धमा सभितिले समय समयमा मूल्याङ्कन गर्न गराउन सक्नेछ ।

नेपाल सरकार

(२) उपदफा (१) बमोजिम गरिएका मूल्याङ्कनको प्रतिवेदन राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र टेकुमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा समितिले अनुदान रकम परिचाललाई सुधार गरी प्रभावकारी बनाउन सक्नेछ ।

१६. **विविधः** (१) सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालहरुले कोषको रकम जुन कार्यक्रम र प्रयोजनको लागी प्राप्त गरेको हो सोही कार्यक्रम र प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(२) विशेष परिस्थिती सृजना भई अन्य कार्य वा प्रयोजनमा खर्च गर्नु पर्ने अवस्था भएमा सो को आधार र कारण सहित कोषको कार्यालयमा निवेदन दिनु पर्नेछ र सो सम्बन्धमा समितिको निर्णय बमोजिम हुनेछ ।

(३) अनुदान प्राप्त गर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालहरुले अनुदान रकमको हिसाब किताब श्रेस्ता दुरुस्त गरी राख्नु पर्नेछ ।

(४) यस निर्देशिकामा उल्लेख नभएका विषयमा समितिको निर्णय बमोजिम हुनेछ ।

१७. **लेखा तथा लेखापरिक्षण:** (१) नियमावलीको नियम १९ को उपनियम (२) को खण्ड (क) र (ख) बमोजिम अनुदान प्राप्त गर्ने सरकारी स्वामित्वका अस्पताल र मन्त्रालय अन्तरगतका महाशाखा वा केन्द्रले नेपाल सरकारले तोके बमोजिम अनुदान रकमको हिसाब किताब श्रेस्ता दुरुस्त गरी राखी बार्षिक रुपमा लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) नियमावलीको नियम १९ को उपनियम (२) को खण्ड (ग) बमोजिम अनुदान प्राप्त गर्ने सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालहरुले अनुदान रकमको हिसाब किताब श्रेस्ता दुरुस्त गरी राखी बार्षिक रुपमा लेखा परीक्षण गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदनको एक प्रति आर्थिक बर्ष व्यतित भएको ३ महिना भित्र कोषमा पेश गर्नु पर्नेछ ।

१८. **निर्देशिकाको व्यवस्था लागू हुने:** नियमावलीको नियम १९ को उपनियम (२) को खण्ड (क) र (ख) बमोजिम अनुदान उपलब्ध गराउदा समेत यस निर्देशिकाको दफा १२, १३, १४, १५ र १६ को व्यवस्था लागू हुनेछ ।

१९. **संशोधन, खारेज र बचाऊ:** (१) मन्त्रालयले आवश्यकतानुसार समितिको सिफारिसमा यस निर्देशिकामा संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

(२) स्वास्थ्यकर कोष सञ्चालन कार्यविधि २०६९ खारेज गरिएको छ ।

(३) स्वास्थ्यकर कोष सञ्चालन कार्यविधि २०६९ वमोजिम भए गरेका कार्यहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार

## अनुसुची-१

## अनुदान प्राप्त गर्नको लागि प्रस्तावमा संलग्न गर्न भर्नुपर्ने फाराम

**१. सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालको परिचय**

नाम :

ठेगाना :

सम्पर्क टेलिफोन :

इमेल :

प्रमुख पदाधिकारी

सम्पर्क व्यक्ति :

**२. सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालको कानुनी हैसियत**

संस्था दर्ताको प्रमाणपत्र (दर्ता नम्बर र मिति):

संस्था दर्ता भएको निकाय र स्थान :

नविकरण मिति :

करदाता प्रमाणपत्र :

भ्याट नं./प्यान नं.:

कर विवरण वा करचुक्त प्रमाणपत्रको मिति :

सम्बन्धित कार्य गर्न स्वीकृति दिने मन्त्रालय वा निकाय:

सम्बन्धित कार्य गर्न स्वीकृति दिने मन्त्रालय वा निकायबाट स्वीकृती/सहमती प्राप्त मिति :

समाज कल्याण परिषदमा आवद्धता वा कार्यक्रम संचालनको सम्झौता भएको भए सोको प्रमाणपत्र र मिति :

**३. सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालको उद्धेश्य तथा कार्य (विधान बमोजिम)**

(क)

(ख)

(ग)

(घ)

(ङ)

**४. सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालको मानवीय , वित्तीय र प्राबिधिक वा भौतिक क्षमता**

**(१) मानवीय क्षमता:**

| क्र.सं. | मानवीय क्षमता | पूर्ण कालीन | अल्पकालिन | अन्य |
|---|---|---|---|---|
| क | व्यवस्थापन समिति संख्या | | | |
| ख | चिकित्सकको संख्या | | | |
| ग | नर्सको संख्या | | | |
| घ | स्वास्थ्य प्राविधिकको संख्या | | | |
| ङ | सामाजिक परिचालकको संख्या | | | |
| च | अन्य बिशेषज्ञको संख्या | | | |
| छ | प्रशासनिक तथा अन्य कर्मचारीको संख्या | | | |



नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

(२) **वित्तीय क्षमता:**

(क) संस्था स्थापनार्थ लगानी कूल पुर्जी रकम ..........

(ख) संस्थामा रहेका मौज्दात रकम......

(ग) विगत तीन वर्षको औसत आर्थिक (आयव्यय विवरण) कारोवारको रकम.............

(घ) अन्य संस्थाबाट पनि निरन्तर अनुदान/सहयोग रकम रु............

(ङ) संस्थाको छुटै बैंक खाता :

(च) ३ बर्षको लेखा परिक्षण प्रतिवेदन:

(३) **प्राबिधिक वा भौतिक क्षमता :**

| | | | |
|---|---|---|---|
| क. आफ्नै भवन | छ ( ) | पर्याप्त छैन ( ) | छैन ( ) |
| ख. अस्पताल भए (बेड संख्या) | ०-२५ ( ) | २६-५० ( ) | ५१ देखि माथि ( ) |
| ग. मेशिनरी, औजार, उपकरण संख्या | ०-२५ ( ) | २६-५० ( ) | ५१ देखि माथि ( ) |
| घ. एम्बुलेन्स र अन्य भौतिक सामग्री संख्या | ०-२५ ( ) | २६-५० ( ) | ५१ देखि माथि ( ) |
| ङ. अन्य सामाग्रीहरुको संख्या | ०-२५ ( ) | २६-५० ( ) | ५१ देखि माथि ( ) |

५. **सामाजिक संस्था वा गैह्रसरकारी अस्पतालबाट प्रवाह हुने प्रस्तावित सेवा वा कार्यक्रम सम्बन्धी विवरण**

| क्र सं. | सेवा वा कार्यक्रम | नियमित वा नयां प्रस्तावित ( ) लगाउने | लक्षित समूह | लाभान्वित संख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. सेवा/कार्यक्रमले समेट्ने भौगोलिक क्षेत्र (जिल्लाको संख्या)

७. अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदन

८. अघिल्लो आ.व. मा त्यस्तो सहयोग पाएको भए कार्य प्रगति वितरण

९. अनुसन्धानमूलक कार्य गरेको भए प्रतिवेदन, प्रकाशन आदि

१०. विगतमा संचालन भएका स्वास्थ्य सम्बन्धी कार्यकमको प्रगति प्रतिवेदन

क. वित्तीय प्रगति : सन्तोषजनक ( ) सामान्य ( ) नगण्य ( )

ख. भौतिक प्रगति : सन्तोषजनक ( ) सामान्य ( ) नगण्य ( )

११. अनुदान माग रकम जम्मा रु........................अक्षेरुपी :........................................ मात्र ।

**पेश गर्ने**

आधिकारीक व्यक्तिको नाम:

दस्तखत:

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

# सम्झौतापत्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य कर कोषको कार्यालय र ........

..............................निकाय विच भएको सम्झौता मिति २०७१।१०।२६ को नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार

**अनुदान लाने निकायले पालना गर्नुपर्ने सर्तहरू**

१. खर्च शिर्षक नं. २६४१२ अन्तर्गत विनीयोजित वजेट चालु सशर्त अनुदानमा मात्र खर्च गर्न सकिने हुदां स्वीकृत कार्यक्रम वमोजिम अनुदान प्राप्त गर्ने निकायबाट क्रियाकलापगत कार्यक्रम तर्जुमा गरि पेश गर्ने र स्वीकृत क्रियाकलापगत कार्यक्रम अनुसार मात्र खर्च गर्न सकिनेछ ।

२. यस्तो कार्यक्रममा धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण निदान र उपचार सम्वन्धी कार्यक्रम सञ्चालन गर्नको लागि मात्र खर्च गर्न सक्ने भएकाले सोही अनुसार मात्र गर्नुपर्नेछ ।

३. अनुदान प्राप्त निकायले स्वास्थ्य नीति कार्यान्वयन तथा सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) नियमावली, २०६८ वमोजिम मात्र कार्य गर्नुपर्नेछ

४. यसरी निकासा भएको अनुदानको उपयोग तथा प्रगतिको अवस्थावारे स्वास्थ्य कर कोषको कार्यालयबाट नियमित अनुगमन गरी नियमानुसार निकासा हुनेछ ।

५. चालु आ. व को स्वीकृत कार्यक्रम वमोजिमको लक्ष्य तोकिएको अवधि भित्रै हासिल गरि समयमै प्रगति प्रतिवेदन दिनुपर्नेछ ।

६. अनुदान निकासा भएको रकमबाट हुने कार्यक्रम/खरिदको पारदर्शिता र गुणस्तर कायम गर्ने संयन्त्र पनि क्रियाशिल हुनुपर्ने ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
रामशाहपथ, काठमाडौं

७. कामको प्रगति विवरण स्वास्थ्य कर कोषको कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनिवार्य रूपमा पठाउनुपर्ने ।

८. प्रचलित ऐन नियम वमोजिम लेखापरिक्षण समयमा गराई प्रतिवेदन पठाउनुपर्ने ।

९. अनुदानको दुरूपयोग भएको सुचना पाइएमा त्यस्ता संस्थालाई प्रचलित कानुन वमोजिम आवश्यक कारवाही गरिनेछ र त्यस्ता संस्था संग अनुदान रकमको दोब्बर असुल उपर गरिनेछ ।

१० नेपाल सरकारवाट दिइएको अनुदान सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित आर्थिक कार्यविधि ऐन, नियमावली वमोजिम मात्र खर्च गर्न सकिनेछ ।

११. संस्थाको नाममा कर कोष सञ्चालक समितिको बैठकको निर्णयानुसार विनियोजित भै आएको रकम उपलब्ध गराइनेछ र सो रकम स्वीकृत कार्यक्रम अनुसार खर्च गर्न सकिनेछ ।

१२. स्वीकृत कार्यक्रम वाहेक अन्य कार्यमा अनुदान रकम खर्च गरेको पाइएमा त्यस्ता संस्थालाई प्रचलित ऐन नियम अनुसार कारवाही गर्ने र अनुदान सरकारी वांकी सरह असुल उपर गर्ने गराउने व्यवस्था गर्ने ।

१३. अनुदान रकमको खर्चको उक्त संस्थाले सामाजिक लेखापरिक्षण गनुपर्नेछ ।

| | |
|---|---|
| *अनुदान दिने* | *अनुदान लाने* |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | .............................. |
| सदस्य सचिव/ लेखा अधिकृत | संस्था प्रमुख/लेखा प्रमुख |
| | मोवाइल नं. |
| | संस्थाको पुरा ठेगाना |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय